# अनुसूची २

दफा ४ तथा अनुसूची १ को भाग १ सँग सम्बन्धित

# गलकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्ड- ८ संख्या- १ मिति: २०८१/१२/०७

## भाग १

## गलकोट नगरपालिका नगर प्रहरी ऐन, २०८१

## गलकोट नगरपालिका नगर प्रहरी ऐन, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानमा एकल अधिकार अन्तर्गत रहेको नगर प्रहरीलाई प्रभावकारी रुपमा परिचालन गरी गलकोट नगरपालिकाको नीति, नियम, निर्णय, मापदण्ड तथा प्रशासनिक आदेशहरूको कार्यान्वयन, सुरक्षा, संरक्षण, व्यवस्थापन, नियन्त्रण, खोजी, उद्धार, राहत तथा पुनस्थापन लगाएतको  क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न नगर प्रहरी सेवा गठन गरी गलकोट नगरपालिकामा कानुनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गलकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गलकोट नगरपालिका नगर प्रहरी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्तै लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "नगरपालिका" भन्नाले गलकोट नगरपालिका सम्झनु पर्दछ।

(ख) "सभा" भन्नाले गलकोट नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

(ग) "प्रमुख" भन्नाले गलकोट नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(घ) "उप-प्रमुख" भन्नाले गलकोट नगरपालिकाको उप-प्रमुख सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त गलकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) "अधिकृत" भन्नाले गलकोट नगरपालिकामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ र सो शब्दले अधिकृतको रूपमा काम गर्न नेपाल सरकारबाट नगरपालिकामा खटाईएको अधिकृतलाई समेत जनाउँछ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन कार्यान्वयन गर्न यसै ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) नगर प्रहरी सेवा भन्नाले गलकोट नगरपालिकाको नगर प्रहरी सम्बद्ध सेवा सम्झनुपर्छ।

(झ) "प्रहरी कर्मचारी" भन्नाले यस ऐन बमोजिम गठन भएको नगर प्रहरी सेवामा रहेका प्रहरी कर्मचारी सम्झनुपर्छ।

(ञ) "प्रहरी इन्चार्ज" भन्नाले प्रहरी कर्मचारीको कमाण्ड गर्न जिम्मेवारी तोकिएको प्रहरी जवान भन्दा माथिल्लो दर्जाको प्रहरी कर्मचारी सम्झनुपर्छ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन र परिचालन

**३. नगर प्रहरी सेवाको गठनः**

(१) नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन बमोजिम नगर प्रहरीसँग सम्बन्धित अधिकार प्रयोग गरी नगर कार्यपालिकाले तोकेका कार्यहरू कार्यान्वयन गर्न एक गलकोट नगर प्रहरी सेवा गठन हुनेछ।

(२) प्रहरी कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ।

(३) प्रहरी कर्मचारीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ र कार्यपालिकाको आदेश र निर्देशन पालन गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

(४) प्रहरी कर्मचारीको नियन्त्रण र परिचालनको लागि कार्यपालिकाले आवश्यक नीति, निर्देशन र मापदण्ड जारी गर्नेछ। जारी नीति, निर्देशन र मापदण्डको कार्यान्वयन गर्नु गराउनु सबैको कर्तव्य हुनेछ।

(५) कार्यपालिकाबाट स्वीकृत नीति, निर्देशन र मापदण्डको आधारमा प्रमुख प्रशासकीय अधिकृतले प्रहरी कर्मचारीको नियन्त्रण र परिचालन गर्नेछ। प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशन पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

(६) नगर प्रहरीको संगठन संरचना देहाय बमोजिम हुनेछ।

क) नगर प्रहरी सहायक निरीक्षक - १ जना

ख) नगर प्रहरी हवल्दार - २ जना

ग) नगर प्रहरी जवान - ५ जना

(७) नगरकार्यपालिकाले नगरपालिकाको आम्दानीको स्रोत र स्थानीय आवश्यकताको आधारमा नगर प्रहरीको संगठन संरचना बमोजिमका केही वा सबै पदहरूमा पदपूर्ति गर्न सक्नेछ।

(८) नगर प्रहरी सेवाको सबै पदमा सेवा करारमा नियुक्ति गरिनेछ।नगर प्रहरी सेवाको कुनैपनि पदमा स्थायी नियुक्ति गरिने छैन।

**४. नगर प्रहरीको पोसाक र चिन्हः** (१) नगर प्रहरीको एक छुट्टै पोसाक हुनेछ। पोसाकमा पद अनुसार देहाय बमोजिमको दर्ज्यानी चिन्ह रहनेछ।

क) नगर प्रहरी सहायक निरीक्षक - कुममा एक तारा

ख) नगर प्रहरी हवल्दार - कुममा तिन धर्का

ग) नगर प्रहरी जवान - कुममा फिता मात्र

(२) दर्ज्यानी चिन्हको अवस्थिति अनुसूची (१) बमोजिम हुनेछ।

## परिच्छेद- ३

## प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः** प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ख) नगरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन गर्ने,

(ग) नगरको बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(घ) नगरको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

(ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने,

(च) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(छ) विपद् व्यवस्थापन अन्तर्गत खोजी, उद्धार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने,

(ज) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण गर्ने,

(झ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

(ञ) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ट) नगर कार्यपालिका तथा वडा कार्यालयको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(ठ) नगरपालिका क्षेत्रमा घुम्न आउने पर्यटकको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) नगरसभाले तोकिदिएको राजश्व संकलनमा सहयोग गर्ने,

(ढ) कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने ।

**६. नगर प्रहरीको नियुक्तिः** (१) नगर प्रहरी सेवाको रिक्त पदमा समावेशी सिद्धान्त बमोजिम खुला प्रतियोगिताद्वारा करारमा पदपूर्ति गरी नियुक्ति गरिनेछ । प्रहरी जवानको सबै दरबन्दी पदपूर्ति हुने अवस्था भएमा कम्तीमा एक जना जनजाति र एक जना दलित समुदायबाट पर्ने गरी विज्ञापन गरी पदपूर्ति गरिनेछ ।

(२) उपल्लो दर्जाको नगर प्रहरीको पद कुनै कारणले रिक्त भएमा पदपूर्ति समितिले तल्लो दर्जाको पदमा कम्तीमा पाँच वर्षदेखि कार्यरत नगर प्रहरी कर्मचारीले आवेदन दिएमा अन्य उम्मेदवार भन्दा पाँच प्रतिशत अंक अनुभव वापत बढी पाउने गरी छुट्याउनुपर्ने छ ।

(३) नगर कार्यपालिकाले आवश्यकताको आधारमा नगर प्रहरी संगठनमा महिला र पुरुषको अनुपात कायम गर्नेछ । कार्यपालिकाले नगर प्रहरीको भर्ना गर्नु पूर्व पदपूर्ति गरिने तह, पदपूर्ति गरिने दरबन्दी र महिला पुरुषको संख्या निर्धारणको निर्णय गरी पदपूर्ति समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) नगर प्रहरी कर्मचारीको करार सेवामा पदपूर्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

ख) जिल्ला वा ईलाका प्रहरी कार्यालयको प्रहरी निरीक्षक वा माथिल्लो श्रेणीको अधिकृत - प्रतिनिधि सदस्य

ग) नगरपालिकाको प्रशासन शाखा प्रमुख – सदस्य

(५) नगर प्रहरी कर्मचारीको नयाँ भर्ना तथा पदपूर्तिका लागि छनौट प्रक्रियामा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिले नगर प्रहरीमा करार सेवाबाट पदपूर्ति गर्नुपर्दा समिति आफैले मापदण्ड बनाई पदपूर्ति गर्न वा नेपाल सरकारको जङ्गी, शशस्त्र वा जनपद मध्ये कुनै एकलाई नगर प्रहरीका विभिन्न पदमा छनौट गरिदिन अनुरोध गर्न सक्नेछ । यसरी छनौट भई आएका उम्मेदवारलाई नगर प्रहरीमा करार सम्झौता गरिनेछ । यस उपदफा बमोजिम छनौट गर्दाको थप मापदण्ड पदपूर्ति समितिले तोके बमोजिम हुनेछ ।

(७) प्रहरी जवानको पदमा आवेदन दिन १८ वर्ष पूरा गरी २५ वर्ष ननाघेको हुनु पर्नेछ।समितिले करार सेवामा नगर प्रहरी भर्ना गर्नको लागि आवेदन आह्वान गर्दा नेपाल सरकार वा विदेशी सरकारको जङ्गी, सशस्त्र वा जनपदबाट अवकाश प्राप्त वा सुरक्षा निकायमा भर्ना भै आधारभूत तालिम प्राप्त व्यक्तिहरूको लागि नगर प्रहरी जवानको हकमा ४० वर्ष र सो भन्दा माथिको पदको हकमा ४५ वर्ष उमेर ननाघेको व्यक्तिले आवेदन गर्न पाउने व्यवस्था गर्नुपर्नेछ । गलकोट नगर प्रहरी सेवामा कार्यरत कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन । एक पटक नगर प्रहरी सेवामा नियुक्त व्यक्ति ५० वर्ष उमेर ननाघेसम्म सेवामा रहन सक्ने छ ।

(८) नगर प्रहरी सहायक निरीक्षक पदमा आवेदन दिन नेपाल सरकार वा विदेशी सरकारको जङ्गी, सशस्त्र, जनपद वा गलकोट नगरपालिकाको कम्तीमा नगर प्रहरी जवान वा सो सरहको पदमा कम्तीमा दश वर्ष सेवा गरेको अनुभव भएको र नगर प्रहरी हवलदारको पदमा आवेदन दिन उपरोक्त बमोजिमको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव भएको नेपाली नागरिक योग्य मानिने छ।

(९) शैक्षिक योग्यताको हकमा नगर प्रहरी सहायक निरीक्षकको लागि एस. इ. इ. वा सो सरह उत्तीर्ण, नगर प्रहरी हवलदारको लागि दश कक्षा वा सो सरह उत्तीर्ण र नगर प्रहरी जवानको लागि कक्षा आठ वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(१०) पदपूर्ति समितिले नगर प्रहरी कर्मचारीको छनौट गर्दा सामान्यतया देहाय बमोजिमको चरणमा परीक्षा सञ्चालन गर्नुपर्ने छ।

(क) शारीरिक तन्दुरुस्ती परीक्षा,

(ख) लिखित परीक्षा, र

(ग) अन्तर्वार्ता,

(११) अघिल्लो चरणको परीक्षामा अनुत्तीर्ण उम्मेदवारलाई पछिल्लो चरणको परीक्षामा समावेश गराइने छैन।

(१२) तीन ओटै चरणका परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा अन्तिम योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ।

**७. नियुक्ति गर्ने अधिकारी**: दफा ६ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा छनौट भएका प्रहरी कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ।

**८. खुल्ला प्रतियोगिताको लागि योग्यता**ः नगर प्रहरी सेवाका विभिन्न पदहरूमा नियुक्ति गर्दा तोकिए बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ।

**९. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खुला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(ख) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) परीक्षाको किसिम तोक्ने,

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(च) नियुक्तिका लागि सिफारिस गर्ने,

(२) पदपूर्ति समितिले प्रहरी कर्मचारी भर्नाको लागि विज्ञापन प्रकाशन गर्दा पाठ्यक्रम समेत प्रकाशन गर्नु पर्नेछ।

(३) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ।

(४) पदपूर्ति समितिका सदस्यलाई नियमानुसारको बैठक भत्ता तथा बैठक बस्दाको दिनको खाजा, खाना उपलब्ध हुनेछ।

(५) पदपूर्ति समितिको बैठकमा एक पटकमा दुई जना भन्दा बढी आमन्त्रित सदस्य बोलाउन पाइने छैन।

(६) कार्यपालिकाले पदपूर्ति समितिलाई पदपूर्ति गर्ने अवधिको लागि सचिवालय सञ्चालन गर्न एक जना कर्मचारी उपलब्ध गराउनु पर्ने छ। उक्त कर्मचारीलाई तोकिए बमोजिमको थप प्रोत्साहन सुविधा उपलब्ध गराइने छ।

(७) पदपूर्ति समितिले पदपूर्ति कार्यलाई सहजीकरण गर्न इलाका प्रहरी कार्यालयसँग बढीमा पाँच जना प्रहरी कर्मचारी पदपूर्ति अवधिभर काजमा खटाइदिन अनुरोध गर्न सक्नेछ। खटिएका प्रहरी कर्मचारीलाई उपलब्ध गराउने सुविधा तोकिए बमोजिम हुनेछ।

**१०. योग्यताक्रम सूची तयार गर्ने**:

(१) पदपूर्ति समितिले उम्मेदवारले प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी नतिजा प्रकाशन गर्नु पर्नेछ। त्यसरी नतिजा प्रकाशन गर्दा कुल रिक्त पदको बढीमा बीस प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिको लागि पेश गर्नेछ।

(३) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतीस दिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरी सक्नु पर्नेछ।

(४) निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनु पर्नेछ।

(५) सिफारिस भएको उम्मेदवार १५ दिन भित्र नियुक्ति लिन नआएमा निजको सिफारिस स्वतः खारेज हुनेछ र वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिन बाधा पर्ने छैन।

**११. ज्येष्ठता क्रम कायम गर्ने:** नगर प्रहरीको ज्येष्ठता क्रम कायम गर्दा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमको आधारमा ज्येष्ठताको क्रम निर्धारण गरिनेछ।

**१२. परीक्षणकालमा राखिने**: नयाँ नियुक्ति प्राप्त प्रहरी कर्मचारीलाई छ महिनाको परीक्षणकालमा राखिनेछ। सो अवधिमा प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले निजको नियुक्ति रद्द गर्न सक्नेछ।

**१३. नियुक्ति सदर एवं सुविधा:**

(१) परीक्षणकालमा रहेको प्रहरी कर्मचारीको काम सन्तोष जनक देखिएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा त्यस्तो प्रहरी कर्मचारीलाई नेपालको राष्ट्रिय झण्डा र नगरपालिकाको प्रमुख समक्ष शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ।

(२) नगरपालिकाले आवश्यक देखेमा नयाँ नियुक्त प्रहरी कर्मचारीलाई बढीमा एक महिना सम्मको सेवा प्रवेश तालिमको व्यवस्था गर्न सक्नेछ।

(३) सेवा प्रवेश तालिममा सहभागी प्रहरी कर्मचारीले परीक्षणकाल पूरा नगरी विशेष परिस्थितिमा बाहेक जुनसुकै कारणले सेवाबाट अलग भएमा तालिम गराउँदा लागेको खर्च नगरपालिकालाई क्षतिपूर्ति स्वरूप बुझाउनु पर्नेछ।

(४) वार्षिक कार्य सम्पादन सन्तोषजनक भएमा मात्र नगर प्रहरी कर्मचारीको नियुक्ति प्रत्येक वर्षको साउन एक गतेबाट लागू हुने गरी प्रमुख प्रशासकीय अधिकृतले नवीकरण गर्ने छ।

(५) नगर प्रहरी कर्मचारीको तलव स्केल एवं अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

(६) नगर प्रहरी कर्मचारीको कार्यसम्पादन सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरी जुनसुकै समयमा निजलाई पदमुक्त गर्न सक्नेछ।

## परिच्छेद- ४

## आचरण

**१४. दान उपहार लिन नहुने:** प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्सिस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नुहुँदैन।

**१५. चन्दा लिन नहुने:** कुनै प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

**१६. सम्पत्तिको विवरण पेश गर्नुपर्ने:** प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र नगर कार्यपालिकाको कार्यालयमा तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नुपर्नेछ।

**१७. व्यापार व्यवसाय गर्न नहुने :** प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृति बिना कुनै पनि व्यापार व्यवसाय गर्नुहुँदैन।

**१८. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरू प्रकाशन गर्न नहुने:** प्रहरी कर्मचारीले नगरपालिकाद्वारा अथवा विशेष रूपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैर सरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन।

**१९. रेडियो, टेलिभिजन वा पत्रिकासँग सम्पर्क राख्न नहुने:**

(१) प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा आम सञ्चारका माध्यमद्वारा प्रसारण गर्न हुँदैन।

तर, यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक वा व्यावसायिक विषयको भएमा यस्तो स्वीकृति लिइरहनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिम प्रकाशन वा प्रसारण गर्न मिल्ने सामग्रीको सम्बन्धमा त्यस्तो सामग्री प्रकाशन वा प्रसारण गरेपछि नगरपालिकालाई सोको जानकारी गराउनु पर्दछ।

**२०. नगरपालिकाको आलोचना गर्न नहुने:** प्रहरी कर्मचारीले नगरपालिकाको नीतिको विपरीत अथवा नगरपालिकाको प्रतिष्ठामा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख, रचना प्रकाशन गर्नु हुँदैन।

**२१. निर्वाचनमा भाग लिन नहुने:** प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन।

तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

**२२. राजनीतिमा भाग लिन नहुने :** प्रहरी कर्मचारीले कुनै राजनीतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्नहुँदैन।

**२३. समय पालन र नियमितता:** प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रूपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र बिदामा बस्नुपर्नेछ।

**२४. अनुशासन र आज्ञापालन:**

(१) प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्नेछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नु पर्नेछ।

(३) प्रहरी कर्मचारीले सदैव आफ्नो प्रमुखको आदेशको मातहत (चेन अफ कमाण्ड) मा रही कार्यसम्पादन गर्नुपर्नेछ।

२५. **बाहिरी प्रभाव पार्न नहुने**: प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्ने वा पार्ने प्रयत्न गर्न हुँदैन।

२६. **बहुविवाह गर्न नहुने**: प्रहरी कर्मचारीले प्रचलित कानुन विपरीत हुनेगरी बहुविवाह वा अनमेल विवाह गर्न वा गराउनु हुँदैन।

२७. **लैङ्गिक सम्वेदनशील हुनुपर्ने:** प्रहरी कर्मचारीले कार्यसम्पादन गर्दा लैङ्गिक सम्वेदनशीलतालाई ध्यान दिनुपर्नेछ।

२८. **हातपात वा जोर जुलुम गर्न नहुने**: प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

## परिच्छेद-५

## कसुर तथा सजाँय

२९. **सजाँयः**

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउने आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ। सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिइनेछ। सजाय गर्नुभन्दा पहिले प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा उपल्लो तहको प्रहरी कर्मचारीसँग राय लिन सक्नेछ।

(२) नगर प्रहरी कर्मचारीले पेश गरेको स्पष्टीकरण चित्तबुझ्दो नभएमा कसुरको प्रकृति हेरी प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछः-

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) तीन महिना सम्म तलवको बीस प्रतिशत रकम कट्टी गर्ने,

(घ) एक तह मुनीको तलवमानमा घटुवा गर्ने,

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(३) प्रहरी कर्मचारीको लापरबाहीको कारण नगरपालिकालाई कुनै हानि नोक्सानी भएको ठहर भएमा त्यस्तो हानी नोक्सानीको बिगो बमोजिमको रकम निज कर्मचारीबाट असुल गरिनेछ।

३०. **नसिहत दिने वा प्रतिकुल राय लेख्नेः** प्रहरी कर्मचारीले काममा साधारण लापरबाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा माथिल्लो अधिकारीले प्रतिकूल राय लेख्नेछ।

३१. **तीन महिना सम्म तलवको बीस प्रतिशत रकम कट्टी गर्ने:** प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले निजको खाईपाइ आएको तलवको बीस प्रतिशत रकम कट्टी गरी प्रशासनिक दण्ड जरिबाना शीर्षकमा स्थानीय तहको राजश्वमा दाखिला गर्न सक्नेछ।

३२. **एक तह मुनिको तलवमानमा घटुवा / बर्खास्त गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछः-

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

(ग) पदीय आचरण उल्लंघन गरेमा,

(घ) कार्यपालिकाले दिएको आदेश वा निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा स्वीकृत नगराई सात दिन भन्दा बढी अनुपस्थित भएमा वा गैर हाजिर भएमा,

(च) काममा लापरबाही गरेमा वा ऐन वा नियमको पालना नगरेमा ।

(छ) भ्रष्टाचार जन्य कसुर गरेमा ।

(ज) यौनिक तथा लैङ्गिक हिंसामा संलग्न भएमा ।

**३३. सजाय गर्ने अधिकार:**

(१) प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृते आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकृतले आवश्यकता अनुसार सम्बन्धित प्रहरी कर्मचारीलाई समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको प्रहरी कर्मचारी थुनामा रहेको अवधि भर स्वतः निलम्बन हुनेछ ।

(४) यस दफा बमोजिम सजायको प्रकृया अवलम्बन गर्नु पूर्व प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(५) फौजदारी अभियोग लागेको प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववत् सेवामा बहाल रहने सुविधा पाउनेछ ।

(६) सजाय दिने अधिकारीले प्रहरी जवान र हवल्दार पदमा कार्यरत कर्मचारीलाई सजाय दिंदा प्रस्तावित सजाय सम्बन्धमा नगर प्रहरी सहायक निरीक्षकको राय लीन सक्नेछ ।

## परिच्छेद-६

## प्रहरीको कर्मचारीको पोसाक

**३४. प्रहरीको कर्मचारीको पोशाक**: प्रहरी कर्मचारीको पोसाकको रङ, किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**३५. प्रारम्भिक पोसाक र सामान**: प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिदिए बमोजिमको पोसाक र सामान उपलब्ध गराइनेछ ।

**३६. जाडो मौसमका लागि दिइने पोशाक**: प्रत्येक प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोसाक कार्यपालिकाले तोकेअनुसार नगरपालिकाबाट उपलब्ध गराइनेछ ।

## परिच्छेद-७

## विविध

**३७. बिदा सम्बन्धी व्यवस्था**: (१) नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको बिदा पाउनेछ ।

(क) किरिया बिदा- आफै किरिया बस्नुपरेमा १५ दिन सम्म ।

(ख) प्रसूति बिदा- महिला प्रहरी कर्मचारी प्रसूति भएमा ३ महिना सम्म।

(ग) करार बिदा- महिनाको एक दिनको दरले।

(घ) सट्टा बिदा- सार्वजनिक बिदाको दिनमा काम गरे बापत पालो मिलाएर।

(२) नगर प्रहरी कर्मचारीको किरिया बिदा र प्रसूति बिदा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ।

(३) अन्य बिदाको हकमा एक तह मुनीको प्रहरी कर्मचारीको बिदा एक तह माथिको प्रहरी कर्मचारीले स्वीकृत गर्न सक्नेछ।

(४) प्रहरी इन्चार्जको जुनसुकै बिदा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अख्तियार प्राप्त अधिकृत कर्मचारीले स्वीकृत गर्न सक्नेछ।

**३८. पुरस्कार तथा प्रोत्साहनः** प्रहरी कर्मचारीले कर्तव्यपालनको सिलसिलामा उल्लेखनीय प्रशंसनीय कार्य गरेमा त्यस्तो प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन स्वरूप रकम वा अन्य सुविधा नगरपालिकाबाट उपलब्ध गराउन सकिनेछ।

**३९. सेवा सुविधा र चाडवाड खर्चः** प्रहरी कर्मचारीले प्रचलित कानुन अनुसार तलव भत्ता साथै करार अवधि छ महिना भए पश्चात प्रत्येक वर्षको असोज महिनामा निजले खाईपाई आएको एक महिनाको तलव बराबरको रकम चाडवाड खर्चको रूपमा पाउनेछ। नगर प्रहरीको बिमा, औषधी उपचार तथा तथा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४०. करार नवीकरण हुनेः** यस ऐन बमोजिम कारारमा नियुक्त प्रहरी कर्मचारीको कार्य सम्पादन सन्तोषजनक भएमा निजसँग भएको करार सम्झौता नवीकरण हुनेछ।

**४१. यसै ऐन बमोजिम हुनेः** (१) गलकोट नगरपालिका प्रहरी ऐन, २०७६ बमोजिम भएका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

(२) गलकोट नगरपालिका प्रहरी ऐन, २०७६ खारेज गरिएको छ।

**४२. नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागि नगरकार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**४३. वाधा अड्काउ फुकाउने अधिकारः** यस ऐन कार्यान्वयन र व्याख्यामा कुनै द्विविधा परेमा नगर कार्यपालिकाले वाधा अडकाउ फुकाउने गरी निर्णय गर्न सक्नेछ।

**अनुसूची-१**

**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित )**

दर्ज्यानी चिन्हको अवस्थिति

सेतो भुईमा राता अक्षरले अर्धवृत्तकार रूपमा गलकोट नगरपालिका लेखि तल्लो भागमा नगर प्रहरी लेख्ने र गलकोट नगरपालिका लेखेको माथिल्लो भागमा दर्ज्यानी चिन्ह हुनेछ ।

आज्ञाले,

घनश्याम गौतम

प्रमुख प्रशासकीय अधिकृत